# वित्तीय अपराधमा सरकारको कडाइ

नागरिक संवाददाता

काठमाडौं, चैत १७



राजकुमार अर्याल, सिइओ

नयाँ सरकार गठनसँगै वित्तीय अनुशासन र आर्थिक अपराध नियन्त्रणमा कडाइ गरिएको छ। सत्ता र पहुँचका आधारमा लामो समयदेखि कारबाहीबाट जोगिँदै आएका व्यक्तिमाथि समेत अनुसन्धान अघि बढ्न थालेको छ । यही क्रममा व्यवसायी दीपक भट्टमाथि सम्पत्ति शुद्धीकरणको आरोपमा पुनः छानबिन तीव्र पारिएको छ भने सन नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राजकुमार अर्याल पक्राउ परेका छन् । यी दुई घटनाले वित्तीय अपराध नियन्त्रणमा सरकारको नयाँ दृष्टिकोण प्रस्ट पारेको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको सिफारिसका आधारमा व्यवसायी दीपक भट्टलाई अध्यागमन विभागले कालोसूचीमा राखेको छ। स्रोतका अनुसार मंगलबार उनलाई कालोसूचीमा समावेश गरिएसँगै उनको पासपोर्ट रोक्का गरिएको छ । इन्फिनिटी होल्डिङ्सका प्रमुख भट्टमाथि शंकास्पद वित्तीय कारोबार गरेको आरोप लाग्दै आएको छ। उनी २०७९ मंसिरमै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको छानबिनमा तानिएका थिए र प्रारम्भिक बयान समेत लिइएको थियो तर त्यसबेला अनुसन्धान प्रक्रिया रोकिएको थियो।

भट्टमाथि राजनीतिक पहुँचका आधारमा विभिन्न सेटिङ मिलाएर आर्थिक फाइदा लिने गरेको आरोप पनि लाग्दै आएको छ तर अहिले नयाँ सरकार गठनपछि रोकिएको अनुसन्धान पुनः सक्रिय बनाइएको छ । प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकार गठन भएसँगै वित्तीय पारदर्शिता कायम गर्ने उद्देश्यले उच्च तहका व्यक्तिहरूमाथि समेत अनुसन्धान विस्तार गरिएको बताइएको छ। यसै सन्दर्भमा पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल तथा उनीहरू निकटका व्यक्तिहरूको सम्पत्ति शुद्धीकरण सम्बन्धी गतिविधिमाथि समेत निगरानी बढाइएको स्रोतको दाबी छ । पूवमन्त्री दीपक खड्कालाई सम्पत्ति सुद्धिकरण मुद्दामा पक्राउ गरेर छानबिन गरिरहेको छ।

यता नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले सन नेपाल लाइफ इन्स्योरेन्सका सिइओ राजकुमार अर्याललाई सेयर बाँडफाँटमा किर्ते गरेको आरोपमा पक्राउ गरेको छ । सिआइबीका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार धितोपत्र बोर्डबाट प्राप्त प्रतिवेदनका आधारमा थप अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको हो।

धितोपत्र बोर्डको प्रारम्भिक अध्ययनले अर्यालले कर्मचारीका लागि छुट्याइएको सेयरमा अनियमितता गरेको देखाएको छ । प्रतिवेदन अनुसार उनले आफ्नै सेयर आवेदनमा किर्ते गर्दै माग गरेको सेयर संख्या र रकममा फरक देखिने कागजात पेश गरेका थिए। प्रतिलिपि फारममा विवरण नदेखिएको तर पछि सक्कल भनिएको फारममा उल्लेख गरिएको तथ्य भेटिएको छ।

अध्ययनका क्रममा ३८ जना कर्मचारीसँग सम्बन्धित शंकास्पद फाइल पहिचान भएको छ । आरोप अनुसार कर्मचारीहरूलाई खाली फारममा हस्ताक्षर गराएर पछि आफूअनुकूल विवरण भर्ने काम गरिएको थियो । साथै, कम्पनी सञ्चालक समितिबाट सेयर बाँडफाँटसम्बन्धी औपचारिक निर्णयसमेत नभएको पाइएको छ।

अनुसन्धानले अर्यालले आफ्नो र कर्मचारीको आवेदनमा हेरफेर गरी एक लाख चार हजार ६ सय ५० कित्ता सेयर आफ्नो नाममा राखेको देखाएको छ। कर्मचारीको असन्तुष्टिपछि धितोपत्र बोर्डमा उजुरी परेकाले पुनः बाँडफाँट गरिएको र हाल उनले ७२ हजार कित्ता सेयर मात्र राखेको बताइएको छ।

धितोपत्र सम्बन्धी ऐन २०६३ अनुसार झुटा विवरण पेश गरेको आरोपमा अर्याललाई ५० हजारदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था छ। साथै, दफा १०० र १०३ अनुसार आपराधिक कसुरमा थप अनुसन्धानका लागि कागजात प्रहरीमा पठाइएको हो।

सन नेपाल लाइफले जारी पुँजीको ३० प्रतिशत अर्थात् ९६ लाख कित्ता सेयर सर्वसाधारणमा निष्कासन गरेको थियो । यसमध्ये १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि, पाँच प्रतिशत सामूहिक लगानी कोषका लागि र पाँच प्रतिशत कर्मचारीका लागि छुट्याइएको थियो।

यी दुई घटनाले नेपालमा वित्तीय अपराधविरुद्धको कारबाही नयाँ चरणमा प्रवेश गरेको संकेत गरेको छ। लामो समयदेखि प्रभाव र पहुँचका आधारमा ओझेलमा परेका मुद्दाहरू पुनः ब्युँतिनु र उच्च तहका व्यक्तिहरूमाथि अनुसन्धान अघि बढ्नुले आर्थिक सुशासनतर्फ सरकार गम्भीर बनेको देखिएको छ।

## उदार अर्थतन्त्रलाई प्रोत्साहन गर्ने अर्थमन्त्री वाग्लेको प्रतिबद्धता



नागरिक संवाददाता

काठमाडौं, चैत १७

नेपाल उद्योग परिसंघ (सिएनआई) र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबिच मुलुकको अर्थतन्त्रका समसामयिक विषयमा महत्त्वपूर्ण छलफल भएको छ। सोमबार साँझ परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे नेतृत्वको टोलीले अर्थमन्त्रीलाई बधाई तथा शुभकामना दिँदै अर्थतन्त्रका विद्यमान समस्या र समाधानका उपायबारे विस्तृत छलफल गरेको हो।

छलफलका क्रममा अर्थमन्त्री वाग्लेले उदार अर्थतन्त्रलाई प्रोत्साहन गर्ने र निजी क्षेत्रमैत्री आर्थिक वातावरण निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले आर्थिक गतिविधि विस्तार गर्न निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने बताउँदै सरकार नीतिगत स्थिरता कायम गर्दै सुधारका कार्यक्रम अघि बढाउनेतर्फ केन्द्रित हुने बताएका छन्।

सो अवसरमा परिसंघका अध्यक्ष पाण्डेले मुलुकमा सुशासन कायम गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्न सरकारले तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिमा ध्यान दिनुपर्ने सुझाव दिएका छन् । उनले अर्थमन्त्री वाग्लेले कार्यभार सम्हाल्दा व्यक्त गरेको दोस्रो चरणको आर्थिक सुधार र असान्दर्भिक तथा पुराना ऐन खारेज गर्ने प्रतिबद्धताको स्वागत गर्दै त्यसलाई व्यवहारमा उतार्न आगामी बजेटमार्फत ठोस कदम चाल्नुपर्ने बताएका छन्।

पाण्डेले रोजगारी सिर्जना, उत्पादन वृद्धि र आयात प्रतिस्थापनका लागि उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्ने नीति आवश्यक रहेको औंल्याएका छन्। साथै, 'पैसा कमाउनु अपराध हो' भन्ने नकारात्मक सोचलाई अन्त्य गर्दै कानुनी रूपमा सम्पत्ति आर्जन र उद्यमशीलतालाई सम्मान गर्ने वातावरण बनाउन सरकारको सकारात्मक भूमिका आवश्यक रहेको उनले बताएका छन्।

उनले बजारमा माग वृद्धि हुन नसकेको वर्तमान अवस्थालाई सुधार गर्न उपभोग र लगानी वृद्धि गर्ने नीतिमा जोड दिनुपर्ने बताएका छन् । परिसंघले हालको करिब ४५ अर्ब अमेरिकी डलर बराबरको अर्थतन्त्रलाई आगामी १० वर्षभित्र १०० अर्ब डलरमा पुऱ्याउने लक्ष्यसहित अध्ययन गरिरहेको र उक्त प्रतिवेदन चाँडै सरकारलाई उपलब्ध गराइने जानकारी पनि दिएका छन्।

अर्थमन्त्री वाग्लेले मुलुकको अर्थतन्त्रलाई सही दिशामा अघि बढाउन आफू प्रतिबद्ध रहेको बताउँदै निजी क्षेत्र उत्साहित भए मात्र विदेशी लगानी भित्रिने बताएका छन् । उनले आयात प्रतिस्थापन गर्ने उत्पादनमूलक उद्योगलाई प्राथमिकतामा राख्ने र लगानीमैत्री वातावरण निर्माण गर्ने बताएका छन्।

सरकारी सेवा प्रवाहलाई सहज बनाउँदै नागरिकले लाइन बस्न नपर्ने र घुस दिन नपर्ने अवस्थाको सुनिश्चितता गर्नेतर्फ सरकार केन्द्रित रहने पनि उनले बताएका छन् । राजनीतिक स्थिरतासँगै अब नीतिगत स्थिरता कायम गर्दै आर्थिक समृद्धितर्फ अग्रसर हुने उनले बताएका छन्।

उनले उदार अर्थतन्त्रलाई प्रोत्साहन गरिने तर त्यसको नाममा अव्यवस्था हुन नदिइने स्पष्ट पारेका छन्। साथै, बहुर्राष्ट्रिय कम्पनी तथा विदेशी लगानी भित्र्याउन परिसंघले सक्रिय भूमिका खेल्नुपर्नेमा पनि उनले जोड दिएका छन्।

अर्थसचिव डा. घनश्याम उपाध्यायले लगानी सहजीकरणका लागि जटिल कानुनी प्रावधानहरू सुधार गर्न निजी क्षेत्रबाट ठोस सुझाव आवश्यक रहेको बताएका छन् । उक्त छलफलमा परिसंघका पूर्व अध्यक्ष, पदाधिकारी, गभर्निङ काउन्सिल सदस्य, युवा उद्यमी तथा अन्य प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले आर्थिक सुधार, लगानी प्रवर्द्धन र उच्च आर्थिक वृद्धि हासिल गर्न सरकार स्पष्ट नीति र प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुनुपर्नेमा जोड दिएका छन्।

## इटहरीमा फोटोन मोटर्स नेपालको सोरुम




इटहरी, चैत १७ – फोटोन मोटर्स नेपालले पूर्वी नेपालको प्रमुख व्यापारिक केन्द्र इटहरीमा आफ्नो नयाँ सोरूम उद्घाटन गर्दै ग्राहक भेटघाट कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले यो विस्तारलाई नेपालभर आफ्नो उपस्थिति सुदृढ गर्दै विशेषगरी पूर्वी क्षेत्रका ग्राहकसम्म सेवा सहज बनाउने रणनीतिक कदमका रूपमा लिएको जनाएको छ।

नयाँ सोरूम पूर्ण '३ एस' (सेल्स, सर्भिस र स्पेयर पार्ट्स) सुविधासहित सञ्चालनमा ल्याइएको छ। यसमार्फत ग्राहकले एकै स्थानबाट आवश्यक सबै सेवा प्राप्त गर्न सक्नेछन् । यसले सेवा प्रवाहलाई छरितो बनाउने र सवारी स्वामित्व अनुभवलाई थप सहज बनाउने अपेक्षा गरिएको छ । इटहरीस्थित सोरूममार्फत सुनसरी, मोरङलगायत आसपासका जिल्लाका ग्राहक लाभान्वित हुने कम्पनीले जनाएको छ।

सोरूम उद्घाटनसँगै आयोजित 'कस्टमर मिट' कार्यक्रममा सहभागीहरूले आफ्ना अनुभव, अपेक्षा र सुझाव खुला रूपमा राखेका थिए । कम्पनीले ग्राहक प्रतिक्रियालाई प्राथमिकतामा राख्दै सेवा सुधार र भविष्यका रणनीति निर्माणमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

फोटोन मोटर्स नेपालले देशभर चार्जिङ पूर्वाधार विस्तारलाई पनि तीव्रता दिएको जनाएको छ।

## ग्लोबल आइएमई बैंकको ह्याकाथन प्रतियोगिता




काठमाडौं, चैत १७ (नागरिक)- ग्लोबल आइएमई बैंक लिमिटेडले प्रविधिको प्रवर्धन तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले दोस्रो संस्करणको ह्याकाथन आयोजना गर्ने भएको छ।

बैंकले गतवर्ष नेपालको बैंकिङ क्षेत्रमा पहिलो पटक एआई/एमएल ह्याकाथन पहिलो संस्करण आयोजना गरेको थियो।

बैंकले कृत्रिम बुद्धिमत्ता (एआई) र मेसिन लर्निङ (एमएल) सम्बन्धी ग्लोबल आइएमई एआई/एमएल ह्याकाथन दोस्रो संस्करण २०२६ आगामी मे महिनाको २९-३१ मा आयोजना गर्नेछ।

सो प्रतियोगितामा सहभागी हुन प्रविधिमा रुचि राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, इन्जिनियर, डेटा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधि क्षेत्रका पेशाकर्मीका लागि आवेदन खुल्ला गरिएको छ।

प्रतियोगितामा सहभागी हुन मे ४, २०२६ भित्र बैंकको वेवसाइट मार्फत् आवेदन दिन सकिनेछ।

पहिलो संस्करणमा विद्यार्थी, स्टार्टअप, डेभलपर, डेटा वैज्ञानिक तथा अनुसन्धानकर्ताको उत्साहपूर्ण सहभागिता रहेकाले बैंकले ह्याकाथनको दोस्रो संस्करण आयोजना गर्न लागेको हो।

## सिद्धार्थ बैंकद्वारा कासगर समुदायका महिलालाई मेसिन



काठमाडौं, चैत १७ (नागरिक)- सिद्धार्थ बैंक लिमिटेडले कैलाली र बाँके जिल्लाका गरिब, विपन्न तथा सीमान्तकृत कासगर समुदायका महिलाहरूको आयआर्जनमा टेवा पुगोस् भन्ने उद्देश्यले २०८२ चैत ८ गते कैलालीमा र मिति २०८२ चैत्र १० गते बाँकेमा छुट्टा-छुट्टै कार्यक्रमको आयोजना गरी सिलाइ-कटाइ मेसिनहरू हस्तान्तरण गरेको छ। कैलालीमा पाँच र बाँकेमा १० जना महिलालाई गरी कुल १५ वटा सिलाइ-कटाइ मेसिन बैंकद्वारा हस्तान्तरण गरिएको हो।

कासगर समुदायका महिलाहरूको जीवनस्तर उकास्ने तथा सिकेको सिपलाई व्यवहारमा उतार्न सहयोग पुऱ्याउने लक्ष्यसहित बैंकले यी मेसिन उपलब्ध गराएको हो । यस सहयोगले महिलाहरूको आर्थिक पक्षमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुका साथै साना घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन दिएको छ। सिलाई-कटाइ सिपलाई व्यावसायिक रूपमा उपयोग गर्दै उनीहरूले लुगा सिलाउने, मर्मत गर्ने तथा अर्डर अनुसार काम गरी नियमित आम्दानी गर्ने वातावरण बन्ने अपेक्षा गरिएको छ।


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

### कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२/१२/१८ गतेको नागरिक राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०१/०२ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ (पन्ध्र) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः रुपक फयाल**<br>बाबुको नाम : बिष्णु प्रसाद फयाल<br>बाजेको नामः वेद प्रसाद फयाल<br>ठेगाना : मकवानपुरगढी-०६, मकवानपुर<br>ना.प्र.नं. : ३१३०११/२७३<br>जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर<br>जारी मिति : २०६३/११/०६<br>**कर्जा लिएको शाखा : जितपुर, बारा** | **क) नामः कुन्ति खड्का**<br>बाबुको नाम : अर्जुन बहादुर खड्का<br>पतिको नामः रुपक फयाल<br>ससुराको नाम : विष्णु प्रसाद फयाल<br>ठेगानाः पिपरा सिमरा-०८, बारा, हाल : ज.सिमरा-०६, बारा<br>ना.प्र.नं. : ३३२०८१/३१६४३, जारी मिति : २०६८/०१/२८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>**ख) नामः चम्पी देवी फयाल**<br>बाबुको नामः पर्शुराम सिह दनुवार<br>पतिको नामः विष्णु प्रसाद फयल<br>ससुराको नामः वेद प्रसाद फयल<br>ठेगानाः भ. जितपुर-०४, वारा, हाल : जि.सिमरा-०६, बारा<br>ना.प्र.नं. : ६०७०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., ई.प्र.शा., सिमरा, वारा |

**सुरक्षणमा रहेको धितोको विवरणः** यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को नाममा दर्ता भई ऋणी रुपक फयाल कायम रहेको निम्न अनुसारको सवारी साधन (१ थान)।
**सवारी दर्ता नं. : प्रदेश २-०३ ००१-च-५३१८** कम्पनीको नाम : Tata Motors मोडेल : ACE EX FL
बनेको साल : २०२१ सि.सि./हर्ष पावरः ७०२ ईन्जिन नम्बरः 275IDI06DYXS38806
च्यासिस नम्बर : MAT445554MZR09859 सवारीको रङः Artic white सवारीको प्रयोगः निजी

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२) ऋणीः श्री किचन संसार**<br>दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, रामग्राम न.पा. नवलपरासी<br>दर्ता नं. : ९९१/१०५९२, दर्ता मिति :२०७४/०७/२५<br>पान नं. ६०७०६४४५६<br>ठेगाना : रामग्राम-१०, नवलपरासी<br>**प्रोप्राईटर/जमानतकर्ताको नाम : प्रशान्त कुमार सिंह**<br>बाबुको नाम : सुरेन्द्र प्रताप सिंह<br>बाजेको नाम : ध्रुवनारायण चौधरी<br>ठेगाना : रामपूर ख.-०८, नवलपरासी<br>हालको ठेगाना : रामग्राम -०३, नवलपरासी<br>ना.प्र.नं. : ५६९८४, जारी मिति : २०५७/०९/१७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी<br>**कर्जा लिएको शाखा : भुमही, नवलपरासी**<br>**जमानतकर्ताको विवरण**<br>**क) नाम : कल्पना रानाभाट**<br>बाबुको नाम : ख्याम वहादुर रानाभाट<br>पतिको नाम : प्रशान्त कुमार सिंह<br>ससुराको नाम : सुरेन्द्र प्रताप सिंह<br>ठेगाना : भाटखोला -०५, स्याङजा<br>हालको ठेगानाः रामग्राम-०३, नवलपरासी<br>ना.प्र.नं. : ६२१९२, जारी मिति : २०५७/१०/२५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा | **ख) नाम : सिमरन सिंह**<br>बाबुको नाम : प्रशान्त कुमार सिंह<br>बाजेको नाम : सुरेन्द्र प्रताप सिंह<br>ठेगाना : सरावल -०६, नवलपरासी (ब.सु.प)<br>हालको ठेगाना : रामग्राम -०३, नवलपरासी<br>ना.प्र.नं. : ३६-०१-७८-०४५४७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी (ब.सु.प)<br>जारी मिति : २०७८/०८/०८<br>**ग) नाम : सुशान्त सिंह**<br>बाबुको नाम : प्रशान्त कुमार सिंह<br>बाजेको नाम : सुरेन्द्र प्रताप सिंह<br>ठेगाना : सरावल-०६, नवलपरासी (ब.सु.प)<br>हालको ठेगाना : रामग्राम -०३, नवलपरासी<br>ना.प्र.नं. : ३६-०१-८०-०७०६८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी (ब.सु.प)<br>जारी मिति : २०८०/०९/०१<br>**घ) नाम : श्रेया सिंह**<br>बाबुको नाम : प्रशान्त कुमार सिंह<br>बाजेको नाम :सुरेन्द्र प्रताप सिंह<br>ठेगाना : सरावल-०६, नवलपरासी (ब.सु.प)<br>हालको ठेगाना : रामग्राम-०३, नवलपरासी<br>ना.प्र.नं. : ३६-०१-८०-०७०६७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी (ब.सु.प)<br>जारी मिति : २०८०/०९/०१ |

**सुरक्षणमा रहेको धितोको विवरणः**
१) श्री भूमीसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा प्रशान्त कुमार सिंहको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला मंझरिया -०१, स्थित कि.नं. १६३६ को क्षेत्रफल १६९.३२ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) श्री भूमीसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कल्पना रानाभाट को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी -०८, स्थित कि.नं. ७८२ को क्षेत्रफल ३३८.६४ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

| ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **३) ऋणीः जोशी एण्ड सन्स सप्लार्यस**<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, गोरखा<br>प्रा.फ.र.नं. : २५९९/०७५/०७६<br>दर्ता मितिः २०७५/०५/२५<br>पान नं. ६०९४३३५८४<br>फर्मको ठेगाना : गोरखा न.पा- १०, गोरखा<br>**प्रोप्राइटर/जमानतकर्ताको नामः सुजेन्द्र जोशी**<br>बाबुको नाम : सुक लाल जोशी<br>बाजेको नाम : लाल प्रसाद जोशी<br>ठेगाना : पृ.ना -६, गोरखा<br>हालः गोरखा-६, गोरखा<br>ना.प्र.नं. : १११६६१, जारी मिति : २०६१-०३-२०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>**कर्जा लिएको शाखा : छेबेटार, गोरखा** | **क) नाम : जयन्ती कुमारी जोशी**<br>बाबुको नाम : कृष्ण वहादुर श्रेष्ठ<br>पतिको नाम : शुकलाल जोशी<br>ससुराको नाम : लाल प्रसाद जोशी<br>ठेगाना : पृथ्वीनारायण-६, गोरखा<br>हालः गोरखा-६, गोरखा<br>ना.प्र.नं.: १७९, जारी मिति : २०३७/०३/२३<br>जारी गर्ने कार्यालय : जि.प्र.का, गोरखा<br>**ख) नाम : सन्तोषी श्रेष्ठ**<br>बाबुको नाम : भविलाल श्रेष्ठ<br>पतिको नाम : सुजेन्द्र जोशी<br>ससुराको नाम : सुकलाल जोशी<br>ठेगाना : बम्घा-९, गुल्मी, हालः गोरखा-६, गोरखा<br>ना.प्र.नं. : ४११०२२/९६६०८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी<br>जारी मिति : २०६८/०२/०८ |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय गोरखामा जयन्ती कुमारी जोशीको नाममा दर्ता कायम रहेको गोरखा जिल्ला रानीस्वारा-१ स्थित किता नं.७५०, ७५१ र ७५३ को क्षेत्रफल क्रमशः ३९.७५, ४१.७३ र १०९.३० व.मी.रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।



**Chautara Sangachokgadhi Municipality**
**Office of the Municipal Executive**
**Chautara, Sindhupalchok**

### Invitation for Electronic Bids

**Date of Publication: 2082/12/18 (1st Apr. 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works

| Contract Identification No. | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| CSGM/SQ/GOODS-02/082/083(RE) | Supply and Delivery HDPE and Hume Pipe for Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok | NRs. 47,000.00 | NRs. 1,000.00 | 2083/01/03 (16th Apr. 2026) at 12:00 hrs. | 2083/01/03 (16th Apr. 2026) at 13:00 hrs. |

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


CamScanner